# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## देवघाट, तनहुँ

**आ.व. २०८१/०८२ को आन्तरिक आयको ठेक्का सम्बन्धी सिलवन्दी दरभाउ पत्र आह्वानको सूचना !**

प्रथम पटक सूचना प्रकाशित मिति: २०८१/०६/१७

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, देवघाट गाउँपालिकाको आर्थिक ऐन, २०८१, देवघाट गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ र देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०५/३१ को निर्णय बमोजिम देवघाट गाउँपालिकाले आफ्नो क्षेत्र भित्र उत्पादन हुने स्थानीय उपज (फलफूलजन्य), मालसामान (काठ, दाउरा, कोइला, कवाडी लगाएत अन्य सामग्री) तथा नदीजन्य पदार्थ उत्खननको निकासी तथा व्यवस्थापनको लागि आ.व. २०८१/०८२ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले आ.व. २०८०/०८१ मा फर्मको नवीकरण भएको प्रमाण-पत्रको छायाँप्रति, मूल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्रको छाँयाप्रति, आ.व. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्रको छायाँप्रति र नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| दरभाउ पत्र नं. | विवरण | गाउँपालिकाले तोकेको न्यूनतम अङ्क रु. | दरभाउ पत्र फारम दुस्तुर रु. | धरौटी रु. | कैफियत |
|---|---|---|---|---|---|
| ५/२०८१/०८२ | गाउँपालिकाले आफ्नो क्षेत्र भित्र उत्पादन हुने स्थानीय उपज (फलफूलजन्य), मालसामान (काठ, दाउरा, कोइला, कवाडी लगाएत अन्य सामग्री) तथा नदीजन्य पदार्थ उत्खननको निकासी तथा व्यवस्थापन कार्य | १७,००,०००/- (अक्षरुपी सत्र लाख रुपैयाँ मात्र) (मु.अ. कर बाहेक) | १,०००/- (अक्षरुपी एक हजार रुपैंया मात्र) | कबोल अंकको ५ (पाँच) प्रतिशत | |

१. शिलवन्दी दरभाउ पत्र फारम खरिद गर्ने अन्तिम मिति र समय :२०८१-०७-०१ गते कार्यालय समय सम्म ।
२. शिलवन्दी दरभाउ पत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय: २०८१-०७-०२ गते दिनको १२:०० बजे सम्म ।
३. शिलवन्दी दरभाउ पत्र फारम खोल्ने मिति र समय: २०८१-०७-०२ गते दिनेको १:०० बजे पछि ।
४. शिलवन्दी दरभाउ पत्र फाराम लिनको लागि यस कार्यालयबाट रु. १,०००/- को. नगदी रसिद काटी निवेदन साथ पेश गर्नु पर्नेछ ।
५. धरौटी जम्मा गर्ने बैंकको नाम र खाता नं.: सिद्धार्थ बैंक देवघाट शाखा, धरौटी खाता नं . ००८१५१६९८६३
६. माथि उल्लेखित मितिमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सोहि समयमा हुनेछ । यस सम्बन्धी थप कुरा बुझ्नुपरेमा यस कार्यालयमा सम्पर्क राखी जानकारी लिन सकिने छ ।
७. कार्यालयको सम्पर्क नं. : ९८५६०६४४०५, ९८४४२०९९४१

२०८१/०६/१६

हेमनाथ लामिछाने
नि. प्रमुख प्रशासकीय अधिकृत